# सत्य निरुपण तथा मेलमिलाप आयोगको अवहेलनामा कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि

**प्रस्तावनाः** सत्य निरुपण तथा मेलमिलाप आयोगको अवहेलना सम्बन्धमा रहेको कानूनी व्यवस्थाको कार्यान्वयनको लागि अवलम्बन गर्नुपर्ने मापदण्ड र कार्यविधिको निर्धारण गर्न वाञ्छनिय भएकोले,
सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ बमोजिम आयोगले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

१ **सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सत्य निरुपण तथा मेलमिलाप आयोगको अवहेलनामा कारवाही गर्ने सम्बन्धी कार्यविधि, २०७३" रहेकोछ ।

(२) यो कार्यविधि आयोगवाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२ **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनुपर्छ ।

## परिच्छेद—२
## आयोगको अवहेलना सम्बन्धी व्यवस्था

३ **आयोगले अवहेलनामा कारवाही चलाउन सक्नेः** कसैले मौखिक, लिखित वा आचरणबाट आयोगको अवहेलना गरेमा आयोगले त्यस्तो व्यक्ति उपर अवहेलनाको कारवाही चलाउन सक्नेछ ।

४ **आयोगको अवहेलना गरेको मानिनेः** कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा आयोगको अवहेलना गरेको मानिनेछ,-

(क) आयोगको काम कारवाहीको विषयमा सार्वजनिक रुपमा अनावश्यक र झुठा कुरा गरी आयोगको विषयमा नकारात्मक धारणा फैलाउने कार्य गरेमा,

(ख) आयोगको कार्य सम्पादनको क्रममा गरीएको कुनै कार्यको लागि आयोगको पदाधिकारी, अनुसन्धान अधिकारी वा कर्मचारीलाई व्यक्तिगत लाञ्छना लगाउने कार्य गरेमा,

(ग) मौखिक, लिखित वा आचरणबाट आयोग प्रतिको जनआस्था घटाउने कार्य गरेमा,

(घ) आयोगको निर्णय वा सिफारिस कार्यान्यिन गर्नु पर्ने कर्तव्य भएका पदाधिकारीले निर्णय, सिफारिस कार्यान्वयन नगरेमा वा अनावश्यक विलम्ब गरेमा,

(ङ) आयोगले अपहेलनाजन्य कार्य हो भनी ठह-याएको अन्य विषय ।

५ **<u>आयोगको अवहेलना गरेको नमानिने</u>**ः— दफा ४ मा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले देहाय बमोजिमको कार्य गरेमा आयोगको अवहेलना गरेको मानिने छैनः—

(क) आयोगको काम कारवाही र गतिविधीको असल नियतबाट वास्तविक तथ्यमा आधारित रहेर कुनै आलोचना वा विश्लेषण गरेमा,

(ख) आयोगको कुनै सदस्य वा कर्मचारीको व्यक्तिगत आचरणलाई लिएर आलोचना गरेमा ।

## परिच्छेद—३

## <u>कारवाहीको प्रक्रिया सम्बन्धी</u>

६ **<u>निवेदन दिन सक्ने</u>**ः (१) कसैले दफा ४ मा उल्लेखित अवस्था वा अन्य कुनै प्रकारबाट आयोगको अवहेलना गरेको भन्ने जानकारी हुने जुनसुकै व्यक्तिले सो सम्बन्धमा भएको व्यहोरा खुलाई आयोग समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा देहाय बमोजिमको व्यहोरा खुलाउनुपर्नेछ,-

(क) अवहेलना गर्नेको नाम, थर, ठेगाना सहितको विवरण,

(ख) के कस्तो काम कारवाहीबाट अवहेलना भएको हो सो सम्बन्धी विवरण,

(ग) अवहेलना गरेको भन्ने सम्बन्धमा दावी पुष्टि गर्ने कुनै आधार वा प्रमाण ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनबाट अवहेलना भएको हुन सक्ने अवस्था देखेमा आयोगले कारवाही अगाडी बढाउन सक्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले आयोगको अवहेलना हुने कार्य गरेको भन्ने विषयमा कुनै माध्यमवाट आयोगलाई जानकारी हुन आएमा आयोगले कारवाही गर्न सक्नेछ ।

७ **छानविन गराउन सक्ने**: (१) दफा ६ को उपदफा (१) वा (४) बमोजिम आयोगको अवहेलना सम्बन्धी जानकारी प्राप्त भएमा आयोगले सो सम्बन्धमा छानविन गर्न समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको कार्याविधि, कार्यादेश र अन्य कुराहरु समिति गठन गर्दा तोकिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले तोकिएको समयावधि भित्र आयोगको अवहेलनामा कारवाही चलाउन पर्ने वा नपर्ने भन्ने सम्बन्धमा कारण सहितको प्रतिवेदन दिनुपर्नेछ ।

८ **सूचना जारी गर्ने**: (१) दफा ७ बमोजिम प्राप्त प्रतिवेदनबाट अवहेलनामा कारवाही गर्नुपर्ने अवस्था देखिएमा आयोगले आरोपितलाई लिखित प्रतिवाद वा बयानको लागी आयोग समक्ष उपस्थित हुनको लागि बाटाको म्याद बाहेक तीन दिनको म्याद तोकी सूचना जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना आयोगले उपयुक्त ठानेको जुनसुकै माध्यमबाट तामेल गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद तामेल गर्न सम्भव नदेखिएमा वा तामेल हुन नसकेमा आयोगले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गर्न सक्नेछ । यसरी सूचना प्रकाशित भएपछि म्याद तामेल भएको मानिनेछ ।

९ **लिखित प्रतिवाद वा बयान गर्नुपर्ने**:(१) दफा ८ बमोजिम जारी भएको म्यादमा तोकिएको समय भित्र सम्बन्धित व्यक्तिले लिखित प्रतिवाद वा बयान प्रस्तुत गर्न आयोग समक्ष उपस्थित हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपस्थित भै लिखित प्रतिवाद वा बयान गर्दा आफ्नो भएको सवुत प्रमाण पेश गर्नुपर्नेछ ।

## परिच्छेद—४
## निर्णय र सजाय सम्बन्धी

१० **निर्णय गर्नुपर्ने**: (१) आयोगको अवहेलनाको उजूरी उपर कारवाही गर्दा लिखित प्रतिवाद वा वयान सम्पन्न भए पछि थप प्रमाण बुझ्न पर्ने, नपर्ने विषयमा अपहेलना भए नभएको सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णयमा देहाय बमोजिमका विषयहरु खुलाउनु पर्नेछः

(क) उजूरीको व्यहोरा,

(ख) लिखित प्रतिवाद वा वयानमा लिइएको जिकीर र पेश भएको प्रमाण,

(ग) सम्बद्ध प्रमाणको विश्लेषण,

(घ) निर्णयाधार,

(ङ) सजाय सम्बन्धी विवरण ।

११ **सजाय गर्न सक्ने**: दफा १० को उपदफा (१) बमोजिम निर्णय गर्दा आरोपित व्यक्ति कसुरदार देखिई सजाय हुने भएमा आयोगले ऐनको दफा १६ को उपदफा (१) मा उल्लेख भए बमोजिमको सजाय गर्न सक्नेछ ।

१२ **क्षमा दिने, सजाय घटाउने, स्थगन वा परिवर्तन गर्ने**: (१) यस कार्यविधि बमोजिम कारवाही चलाइएको वा सजाय तोकिएको व्यक्तिले आयोगलाई सन्तोष हुने गरी क्षमायाचना गरेमा देहायको अवस्थामा आयोगले त्यस्तो व्यक्तिलाई क्षमा दिन वा सजाय माफ गर्न वा सजाय घटाउन सक्नेछ,-

(क) निजले यस्तो कार्य नियतवश गरेको होइन भन्ने देखिएमा,

(ख) निजबाट सो कार्य पुनः दोहोरिने छैन भन्ने कुरामा आयोग विश्वस्त भएमा,

(ग) अवहेलनाको प्रकृति हेर्दा+ निजलाई सजाय नगर्न उचित देखिएमा ।

१३ **सजाय मुल्तवी गर्ने**: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आयोगलाई उचित लागेमा निश्चित शर्त तोकी ती शर्तहरुको परिपालना भएको खण्डमा सजाय कार्यान्वयन नगर्ने गरी सजाय मुल्तवी राख्न सक्नेछ ।

## परिच्छेद—५
## विविध

१४ **प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्ने**: यस कार्यविधि बमोजिम कारवाही गर्नुपर्ने कुनै विषयमा प्रचलित नेपाल कानून बमोजिम सजाय हुने रहेछ भने सो बमोजिम कारवाही गर्न बाधा पर्ने छैन ।